# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) सुर्खेत, पुष १४ गते, २०७८ साल (संख्या १३

## भाग-२

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

### कर्णाली प्रदेश, सुर्खेतको

### सूचना

**कर्णाली प्रदेश प्रसारण (पहिलो संशोधन) नियमावली, २०७८**

कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यी नियमहरुको नाम "कर्णाली प्रदेश प्रसारण (पहिलो संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६ को नियम ८ को उपनियम (२) मा संशोधनः</u>**

कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६ को नियम ८ को उपनियम (२) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर, केबुलको माध्यमबाट प्रसारण गर्ने टेलिभिजन च्यानल, एफ.एम. रेडियोको इजाजतपत्रको सम्वत् २०७८ साल असार मसान्तसम्म नवीकरण गरेको भए त्यस्तो संस्था वा व्यक्तिलाई आर्थिक वर्ष २०७८/०७९ को लागि लाग्ने नवीकरण दस्तुरमा पूर्ण छुट हुनेछ।"

आज्ञाले,
झक्क प्रसाद आचार्य
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित



आन्तरिक मामिला तथा कानून मन्त्रालय